# राष्ट्रिय मानव अधिकार आयोग
## पूर्वाञ्चल क्षेत्रीय कार्यालय, विराटनगर

राष्ट्रिय मानव अधिकार आयोग
क्षे.का. विराटनगर


### प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगका लागि)

२०७१ माघ ११ गते

## बालकलाई प्रहरी हिरासतमा राखिएकोमा आयोगद्वारा पत्राचार

राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, विराटनगरबाट मिति २०७१ माघ ८ गते जिल्ला प्रहरी कार्यालय, मोरङको हिरासत अनुगमन गर्दा मोरङ जिल्ला, बैजनाथपुर गा.वि.स. घिनाघाट बस्ने वर्ष १५ का एक बालक बयस्कहरुसँगै थुनामा राखिएको अवस्थामा पाइयो ।

अनुगमन पश्चात आयोगले बालकलाई प्रहरी हिरासतमा राख्नुपरेको कारण खुलाउन र निजका सम्बन्धमा बाल न्यायसम्बन्धी प्रचलित मापदण्डको कार्यान्वयन् गरिए/नगरिएको बारेमा ५ दिन भित्र जानकारी दिन जिल्ला प्रहरी कार्यालय, मोरङलाई पत्राचार गरेको छ ।

आयोगको क्षेत्रीय कार्यालयबाट यस अघि गरिएका विभिन्न प्रहरी हिरासतहरुको अनुगमनमा पनि खासगरी सिमान्तिकृत समुदायका बालकहरुलाई हिरासतमा राखिएको पाएको थियो ।

कोषराज न्यौपाने
कार्यालय प्रमुख


फोन नं. ०२१-४६१९३१, ४६१०९३ फ्याक्स नं. ००९७७-०२१-४६११०० पो.ब.नं. १८७ विराटनगर, नेपाल,
इमेलः nhrc@nhrcbrt.org वेबसाइटः www.nhrcnepal.org